


गाइडबुकको पृष्ठ 5 हेर्नुहोस्।
जाँच दिने विधिलाई मुख्यतया 2 भागमा वर्गीकरण गरिन्छ।
माध्यमिक विद्यालय पास गरेको व्यक्ति या पास हुने अपेक्षित व्यक्ति जो कसैलेपनि जाँच दिन सक्ने “साधारण भर्ना” र
विशेष सर्त पुरा गरेको व्यक्तिले मात्र जाँच दिन मिल्ने “विशेष भर्ना” गरी 2 प्रकार छन्।
अझै विशेष भर्नामा पनि, प्रान्त भित्र बस्ने विदेशी व्यक्तिहरूको विशेष भर्ना र विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना गरी 2 प्रकार छन्।

सार्वजानिक उच्च माध्यामिक विद्यालय भर्नाको लागि गाइडबुक ☞ p.5・6

# विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना

ABC भनेको साधारण जाँचको दरखास्त दिन मिल्ने योग्यता

| | |
|---|---|
| विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना<br><br>(भर्ना गर्ने उच्च माध्यमिक विद्यालय पूर्णकालीन 8 ओटा ☞पृष्ठ 13) | **ABC** सहित, **G** भित्र पर्ने व्यक्ति<br>**G** अभिभावकको जागिर आदिको कारणले गर्दा, लगातार 2 वर्ष भन्दा बढी विदेशमा बसोबास गरेर, स्वदेश फर्केको दिन 2019 साल अप्रिल 1 तारिख भन्दा पछि भएको व्यक्ति |

आवश्यक कागजातहरु

| | |
|---|---|
| विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना | 1) 2) 3) 4) सहित<br>7) अभिभावकको जागिर आदिको कारणले, लगातार 2 वर्ष भन्दा बढी विदेशमा बसोबास गरेको कुरा प्रमाणित हुने कागजात (*3)<br>8) स्वदेश फर्केको 2019 साल अप्रिल 1 तारिख वा सो भन्दा पछि भएको कुरा प्रमाणित हुने कागजात (*3)<br>*3 कम्पनीको प्रमाणपत्र अथवा अभिभावक र मूल व्यक्तिको राहदानी आदि |

गाइडबुक पृष्ठ 5को “विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना” को दरखास्त दिने योग्यता हो। ABC सहित, तलको G सँग मेल खाने व्यक्ति हुन्।
G भनेको संरक्षकको काम आदिले गर्दा लगातार 2 वर्ष वा सो भन्दा बढी विदेशमा बसोबास गरेर, 2019 साल अप्रिल 1 तारिख भन्दा पछिको दिनमा जापान फिर्ती भएका व्यक्ति हुन्।
संरक्षक र परीक्षार्थीको पासपोर्ट इत्यादि आवश्यक पर्छ। पृष्ठ 6 मा लेखिएको छ।
दरखास्त दिने योग्यता भए नभएको, राम्ररी थाहा नभएका व्यक्तिले माध्यमिक विद्यालयको शिक्षक या खानागावा प्रान्तीय शिक्षा परिषद्को व्यक्तिसँग अवश्य परामर्श गर्नुहोला।

## सार्वजानिक उच्च माध्यामिक विद्यालय भर्नाको लागि गाइडबुक ☞ p.13

(विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना सञ्चालन गर्ने उच्च माध्यमिक विद्यालय) पूर्णकालीन 8 ओटा

| विद्यालयको नाम | प्रणाली | पाठ्यक्रम/कोर्ष | अवस्थित ठाउँ | अघिल्लो आर्थिक वर्ष भर्ना निर्धारित व्यक्ति※ |
|---|---|---|---|---|
| प्रान्तीय खानागावा सोगो (समग्र) उच्च मा.वि. | पूर्णकालीन | क्रेडिट सिस्टम सामान्य पाठ्यक्रम अन्तराष्ट्रिय संस्कृति कोर्स | योकोहामा नगर खानागावा कु | 10 |
| प्रान्तीय योकोहामा अन्तराष्ट्रिय उच्च मा.वि. | पूर्णकालीन | क्रेडिट सिस्टम अन्तराष्ट्रिय | योकोहामा नगर मिनामी कु | 20 |
| | | क्रेडिट सिस्टम अन्तराष्ट्रिय पाठ्यक्रम अन्तराष्ट्रिय ब्याकलोरेट कोर्ष | | 5 |
| प्रान्तीय सिन्ज्यो उच्च मा.वि. | पूर्णकालीन | सामान्य पाठ्यक्रम | खावासाकी नगर नाकाहारा कु | 10 |
| प्रान्तीय सेइस्योउ उच्च मा.वि | पूर्णकालीन | सामान्य पाठ्यक्रम | ओदावारा नगर | 10 |
| प्रान्तीय चुरुमीने उच्च मा.वि. | पूर्णकालीन | सामान्य पाठ्यक्रम | चिगासाकी नगर | 15 |
| प्रान्तीय सागामीहारा याएइ उच्च मा.वि. | पूर्णकालीन | क्रेडिट सिस्टम सामान्य पाठ्यक्रम | सागामीहारा नगर च्युओ कु | 5 |
| प्रान्तीय इसिदा उच्च मा.वि | पूर्णकालीन | सामान्य पाठ्यक्रम | इसेहारा नगर | 10 |
| योकोहामा नगर स्थापित हिगासी उच्च मा.वि. | पूर्णकालीन | क्रेडिट सिस्टम सामान्य पाठ्यक्रम | योकोहामा नगर चुरुमी कु | 10 |

विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना गर्ने उच्च माध्यमिक विद्यालय बारे गाइडबुकको पृष्ठ 13 मा लेखिएको छ।
भर्ना माग गरिएको कोटा सङ्ख्या गत आर्थिक वर्षको डाटा हो। यस आर्थिक वर्षको डाटा अक्टोबर मसान्तमा घोषणा गरिनेछ।